बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

## बुदा नं. १२.२ संग सम्बन्धित

**बैठक संख्या: १३०**

**मिति: २०८२/०८/२५**

**अध्यक्षता: श्री ऋषिकेशव बुढामगर**

**<u>कार्यपालिकाका पदाधिकारीहरू:</u>**

| | |
|---|---|
| १. श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. श्री गणेश वि.क. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. श्री जुनु कुमारी पुन | कार्यपालिका सदस्य |

**<u>अन्य उपस्थिति:</u>**

| | |
|---|---|
| १. सुल बहादुर पुन | जनस्वास्थ्य निरिक्षक |

| | | |
|---|---|---|
| २. भिमसेन बुढामगर | | सूचना प्रविधि अधिकृत |
| ३. बालारा डाँगी | | ना प्रा स |
| ४. सम्झीपुरा बुढा मगर | | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. आयोजना स्वीकृत सम्बन्धमा
२. दायित्व सम्बन्धमा।
३. जग्गा नामसारी सम्बन्धमा।
४. सहयोग सम्बन्धमा।
५. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धमा।
६. कार्यविधि सम्बन्धमा।
    १. स्मृति कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८२
    २. कृषि उत्पादन तथा रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
७. राहत सम्बन्धमा।
८. विविध।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम/आयोजनाहरुको सम्झौता मिति २०८२ मंसिर मसान्तभित्र सम्पन्न गर्ने निर्णय गरियो।

साथै रोजगार सेवा केन्द्रबाट संचालन हुने सशर्त अनुदान र समानीकरण अनुदान अन्तर्गत रोजगारी सृजना क्रियाकलापको लागि निम्न बमोजिम बजेट बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

***तपसिल***

| क्र.सं. | वडा नं | बजेट | कैफियत |
|---|---|---|---|
| १ | १ | ८,२९,४०० | |
| २ | २ | ८,२९,४०० | |
| ३ | ३ | १०,२९,४०० | |
| ४ | ४ | ८,२९,४०० | |
| ५ | ५ | ८,२९,४०० | |
| | जम्मा | ४३,४७,००० | |

प्रस्ताव नं २ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको आ.व. २०८१/०८२ मा स्वीकृत वार्षिक निशर्त कार्यक्रम अन्तर्गत १ नं वडामा रहेको थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पाको एक्सरे कक्षमा २ mm thickness of X-ray Sheet जडान कार्य सम्पन्न भइसकेकाले उक्त दायित्व विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा थबाङ गाउँपालिका वडा नं ३ स्थित श्री हिमालय फूलबारी माध्यमिक विद्यालय, टुटु, मिरुलको मिति २०८२/०८/०७ गतेको निवेदन अनुसार उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/०५ गतेको निर्णय अनुसार विद्यालयले हक भोग गर्दै आएको जग्गा कित्ता नम्बर ५९६ क्षेत्रफल २०० वर्गमिटर र कित्ता नं ३१६ क्षेत्रफल ४० वर्गमिटरका जग्गाधनीहरु कृष्ण बहादुर बुढा मगर र मयसरी बढा मगरले निशुल्क दान दिन चाहेको हुँदा उक्त जग्गा रेजिष्ट्रेशन पारित गर्नका लागि प्रतिनिधि खटाई पठाउने र उक्त माध्यमिक विद्यालय सामुदायिक भएको हुँदा राजश्व समेत मिनाहा गर्नका लागि समेत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल, गुल्म हे.क्वा., रोल्पाको मिति २०८२।०८।२४ गतेको पत्रानुसार उक्त कार्यालयमा महिला व्यारेक निर्माण गर्नका लागि सिमेन्ट आवश्यक भएको भनि पत्र प्राप्त भएकाले सशस्त्र प्रहरी बल, नेपाल, गुल्म हे.क्वा., रोल्पालाई आवश्यक सहयोग गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५ माथि छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका कार्यक्रमहरु निम्न वडामा कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रमको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | नयाँ लघु उद्यमी सिर्जना | ४ र ५ | |
| २ | स्तरोउन्नती तर्फको कार्यक्रम | ३ | |

प्रस्ताव नं ६ माथि छलफल गर्दा तपसिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

१. स्मृति कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

२. कृषि उत्पादन तथा रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको ४ नं वडा थाप्लाखर्कमा मिति २०८२।०४।०४ गते गएको पहिरोमा क्षति भएको विवरण बमोजिम विपद कोष व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम राहत रकम प्रदान गर्ने निर्णय गरियो।

प्रस्ताव नं ८ माथि छलफल गर्दा विविध विषयमा निम्न बमोजिम निर्णय गरियो ।

आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अपाङ्गलाई सहयोग वडा नं ५ को कार्यान्वयनका लागि छनौट तथा सहजिकरण समिति सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा निम्न बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री हिरा प्रसाद बुढा मगर | संयोजक |
| २. श्री रामकली वि क | सदस्य |
| ३. श्री अमृता गैरे | सदस्य-सचिव |

थबाङ गाउँपालिका वडा नं १ स्थित श्री वीर बलभद्र नमुना माध्यमिक विद्यालय, झकेबाङ, रोल्पाको मिति २०८२।०८।२५ गतेको पत्र बमोजिम कक्षा ११ र १२ मा भौतिक विज्ञान तथा गणित विषयको पठनपाठनका लागि जनशक्ति व्यवस्थापन गर्न विगत २ वर्षदेखि बारम्बार पदपूर्तिको सूचना गरेपनि कुनै जनशक्ति प्राप्त नभएको र सो तहका कक्षाहरु सञ्चालन गर्न प्रत्यक्ष असरपरेकाले उक्त विद्यालयलाई यस विषम परिस्थितिमा तत्काल वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो ।